सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम आ.व. २०७७/०७८ पुष महिनासम्मको नेपाल गुणस्तर तथा नापतौल विभाग, बालाजुको सूचना सम्बन्धी विवरणः

क० निकायको स्वरुप र प्रकृतिः औधोगिक उत्पादन र उत्पादकत्वमा गुणात्मक एवं परिमाणात्मक सुधार ल्याउन र नेपालभरी मेट्रिक पद्धतिमा आधारित नाप र तौलको स्टाण्डर्ड काय गरी प्रचलनमा ल्याउन गठन भएको संस्था । गुणस्तर क्रियाकलाप र नापतौल कार्यहरुलाई अझ बढी प्रभावकारी तथा व्यापक बनाउन यस विभाग सन् १९६४ देखि अन्तराष्ट्रिय नापतौल संस्था OIML (Organization for International Legal Metrology), र सन् १९९१ देखि ISO (International Organization for Standardization) को पत्राचार सदस्य (Corresponding Member) रहेकोमा सन् २०१४ मा पूर्ण सदस्यता प्रास गरेको, सन् १९८१ देखि APMP ( Asia Pacific Metrology Program)को संस्थापक सदस्य, सन् २००१ देखि IEC (International Electro-technical Commission) को सम्बन्धन प्रास सदस्य (Affiliate member) भएको हो ।

ख) निकायको काम, कर्तव्य र अधिकारः नेपाल गुणस्तर (प्रमाण-चिन्ह्) ऐन, २०३७, स्टाण्डर्ड नाप र तौल ऐन, २०२५, स्टाण्डर्ड नाप र तौल (मोहरबन्द प्याकेज) नियमावली, २०७६ बमोजिम सर्वसाधरण जनताको हितको लागि कुनै वस्तुको गुणस्तर निर्धारण गर्ने तथा त्यस्ता वस्तुहरुमा गुणस्तर प्रमाण चिन्ह् प्रयोग गर्ने व्यवस्था गर्ने र नेपाल भरि मेट्रिक पद्दतिमा आधारित नाप र तौलको स्टाण्डर्ड कायम गरी प्रचलनमा ल्याउने । सो अन्तर्गत देहाय अनुसारका कार्यहरु रहेका छन्,

- प्रलेख मस्यौदा तर्जुमा गर्ने,
- गुणस्तर प्रमाण चिन्ह् प्रदान गर्ने,
- गुणस्तर र नापतौल सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,
- नापतौलको राष्ट्रिय स्टाण्डर्ड बनाई लागू गर्ने,
- गुणस्तर चिन्ह् प्रास वस्तहरु उत्पादन गर्ने उद्योगहरुको आकस्मिक निरीक्षण तथा बजार अनुगमन गर्ने,

साथै सम्बन्धित ऐन, नियमले तोके बमोजिम अन्य कार्यहरु गर्ने ।

ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः कुल दरबन्दी ८९

घ) निकायबाट प्रदान गरिने सेवाः

- नेपाल गुणस्तर निर्धारण, वस्तु प्रमाणीकरण, प्रणाली प्रमाणीकरण, प्रयोगशाला प्रमाणीकरण, खेप प्रमाणीकरण, परिक्षण तथा विश्लेषण सेवा, क्यालिब्रेशन सेवा, प्राविधिक सेवा तथा तालिम, पुस्तकालय सेवा, कानूनी नापतौलको कार्यान्वयन, अन्तराष्ट्रिय व्यापारमा हुन आउने प्राविधिक अवरोध हटाउन आवश्यक सेवा/सहजीकरण

ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार पदाधिकारीः नागरिक बडापत्रमा उल्लेखित

च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः नागरिक बडापत्रमा उल्लेखित

छ) निर्णय गर्ने प्रक्रिया र अधिकारीः विभागको कार्यविधिमा उल्लेखित

ज) निर्णयउपर उजुरी सुन्ने अधिकारीः महानिर्देशक, उप-महानिर्देशक

झ) सम्पादन गरेको कामको संक्षिप्त विवरणः आ.व. ०७७/७८ (पुष महिनासम्मको)

- नेपाल गुणस्तर संख्या ३१ (१०२७ हालसम्म)
- नेपाल गुणस्तर प्रमाण-चिन्ह (ईजाजतपत्र+प्रमाणपत्र)- २३ (वस्तु २२, प्रक्रिया १)
- नवीकरण भएका उद्योग सङ्ख्याः २१५
- कारवाही/स्पष्टिकरण सङ्ख्याः ६ (जगदम्वा स्टील्स, वारा (१६एम एम फलामे छड) र मंगला सिमेन्ट, धादिङ (PPC), आवश्यक सुधार पश्चात दुवै उद्योगको कारवाही फुकुवा
- स्थगनः नारायणी माइक्रोपाइप उद्योग प्रा.लि., बारा (HDPE 100 PE 6 DN 90 साईजमा)
- उद्योग निरीक्षण सङ्ख्याः ४२
- ग्याँस उद्योगहरुको निरीक्षण पश्चात ६ वटा उद्योगहरुलाई स्पष्टीकरण सोधिएको (कारवाहीको प्रक्रियामा)
- गुनासो सम्बोधन सङ्ख्याः ४
- नमुना परीक्षण सेवाः १८५७
- वैज्ञानिक नापतौलका उपकरणहरुको क्यालिब्रेशन संख्याः ५७३
- प्रणाली प्रमाणीकरण recertification: १ (स्वास्तिक आयल, विराटनगर)
- प्रणाली प्रमाणीकरण recertification को लागि २ अडिट सम्पन्न (राहदानी विभाग, काठमाडौ र न्यू बराह ज्वेलर्स, काठमाडौ)
- प्रणाली प्रमाणीकरणको surveillance audit (होङ्सी शिवम् सिमेन्ट, नवलपरासी) सम्पन्न

- Certification (Product and System), Laboratories (Testing and Calibration) को अडिट कार्य सम्पन्न
- सिमेन्ट उत्पादकहरुसँग सिमेन्टको गुणस्तर सम्बन्धी Virtual Meeting सम्पन्न ।
- बोलपत्रको माध्यमबाट खरिद गरिएका प्रयोगशालाका उपकरणहरु compressive testing machine, muffle furnace, precision resistance standards, pyrometer calibrator, reference multimeter विभागमा प्राप्त भइ installation र training को चरणमा रहेको
- प्रयोगशालाको उपकरण Universal Testing machine, Humidity Chamber खरिदको लागि बोलपत्र प्रकाशन भई मूल्यांकनको चरणमा

**१) सूचना अधिकारी र विभागीय प्रमुखको नाम र पदः**

विभागीय प्रमुखः महानिर्देशक श्री विश्वबाबु पुडासैनी

फोन नं. ०१४३५६८१०, email: bbp@nbsm.gov.np

सूचना अधिकारीः निर्देशक (रा.प.द्वी.प्रा.) श्री संजिव कुमार ठाकुर

फोन नं. ०१ ४३५०८१८, ९८४१४२५५७६, Email: info@nbsm.gov.np

tbtnbsm@gmail.com,

**ञ० ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः**

नेपाल गुणस्तर (प्रमाण चिन्ह्) ऐन, २०३७

नेपाल गुणस्तर (प्रमाण चिन्ह्) नियमावली, २०४०

स्टयाण्डर्ड नाप र तौल ऐन, २०२५

स्टयाण्डर्ड नाप र तौल नियमावली, २०२७

स्टाण्डर्ड नाप र तौल (मोहरबन्द प्याकेज) नियमवाली, २०७६

पेट्रोलियम पदार्थ वितरण पम्प जाँच तथा अनुगमन कार्यविधि, २०७२

**ट) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धि अध्याबधिक विवरणः** आ.व. ०७७/७८ (पुष महिनासम्म) मा कुल राजश्व १४८,९६७५०.४०/- पूँजिगत खर्च १८,८५,८८६/- चालु खर्च २६७,६९,५००.५५/-

ठ) वेभसाइटः www.nbsm.gov.np, email: info@nbsm.gov.np

ड) यस विभागले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धि विवरणः

वैदेशिक सहायता, प्राविधिक सहयोगः

United Nations Environment Program (UNNEP)